शारदा राजपत्र

शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या १४ मिति २०८२।०८।२१

भाग २

शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

शारदा नगरपालिका
पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/१६
प्रमाणीकरण मितिः २०८२/०८/१९

पृष्ठभुमी

कुल ग्राहस्थ उत्पादनमा पशुपन्छी क्षेत्रको हालको योगदानलाई अझ वृद्धि गर्दै लैजान, कृषि तथा पशुपन्छी क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायिकरणमा परिणत गर्न र तीव्ररुपमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । यसका लागि उन्नत जातका पशुपन्छी तथा दुग्धजन्य पदार्थ उत्पादन, प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवम् पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र कृषि व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवम् गरिबी न्यूनिकरणको माध्यमबाट यस नगरपालिकाको अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याउन र शारदा नगरपालिका पशु सेवा शाखबाट आ.व. २०८२/०८३ मा विभिन्न कार्यक्रमहरुलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न शारदा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम **"पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) नगरपालिका भन्नाले शारदा नगरपालिकालाई सम्झनुपर्दछ ।

(ख) शाखा भन्नाले शारदा नगरपालिका पशु सेवा शाखा लाई सम्झनु पर्छ ।

(ग) प्रमुख भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(घ) उपप्रमुख भन्नाले शारदा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) वडा अध्यक्ष भन्नाले शारदा नगरपालिकाका १५ वटै वडा अध्यक्षहरूलाई सम्झनुपर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले शारदा नगरपालिका, नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

(छ) शाखा प्रमुख भन्नाले शारदा नगरपालिका अन्तरगत रहेको पशुसेवा शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) वडा कार्यालय भन्नाले शारदा नगरपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ ।

(झ) फार्म भन्नाले व्यावसायिक रूपमा एकल किसिमका समूह रहेका पशु /पन्छी /मत्स्य पालन गरेको स्थानमा रहेको संरचना सम्झनु पर्दछ ।

(ञ) पशुपन्छी भन्नाले गाई /गोरू, भैँसी /राँगा, भेडा /बाखरा, बंगुर /संगुर,खरायो, हाँस /कुखुरा''कालिज र

जंगली जनावर सम्झनुपर्दछ।

(ट) कृषक भन्नाले पशुपंक्षी तथा मत्स्य पालन गर्ने व्यक्ति सम्झनु पर्दछ।

(ठ) व्यवसायी भन्नाले कृषि तथा पशुपंक्षी पालन पेशामा आवद्ध भइ व्यवसायिक रूपमा कृषि,बाली तथा पशुपंक्षी; माछा, मौरीपालन तथा जडिवुटि लगाएतका कृषि व्यवसाय गर्ने कृषि उच्चमि र निजी फार्म समेत बुझ्नुपर्छ।

(ड) समूह/समिति भन्नाले स्थानिय तहमा वा कानुन बमोजिम दर्ता, सूचीकृत भएका पशुपंक्षी पालक समूह/समितिहरू लाई सम्झनु पर्दछ।

(ढ) लागत साझेदारी / निजी साझेदारी / निजी क्षेत्रको साझेदारी / सहकार्य भन्नाले कार्यक्रम सञ्चालन गर्दा गरिने दुई पक्षको सम्झौतामा दोस्रो पक्षको अनिवार्य वित्तिय दायित्वको सुनिच्श्रितता भएको सम्झनु पर्दछ

३. उदेश्यः

पशुपंक्षी विकास सञ्चालन कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ।

(क)यस शारदा नगरपालिकामा आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गरी पशुपालक कृषकहरूको बचत सुनिश्चित गर्ने।

(ख)पशुपंक्षी उत्पादन र उत्पादकत्व अभिवृदि तथा खाद्य सुरक्षा प्रर्वद्धनमा योगदान गर्ने।

(ग) शारदा नगरपालिकामा रहेका रोगको नियमित सूचना प्रवाह गर्ने।

(घ) बजारको माग अनुसारको गुणस्तरिय पशुपन्छी जन्य उत्पादनको आपुर्ती गर्ने।

(ङ) स्वच्छ ,स्वस्थ्य एंव गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन,प्रशोधन,विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चितता गर्नमा सघाउ पुर्याउन।

परिच्छेद: २

पशु स्वास्थ्य कार्यक्रम संचालन

४. परिचयः

यस शारदा नगरपालिका अन्तर्गत रहेको कृषकहरूले पालिरहेका पशुपंक्षी तथा मत्स्यहरूमा देखिने विभिन्न किसिमका रोगहरूको उपचारको लागि आवश्यक पर्ने औषधीहरू यस शारदा नगरपालिका को वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भएको बजेट अनुसार खरिद भएका वा अन्य निकायबाट प्राप्त भएका औषधीहरू पशु सेवा शाखा तथा विभिन्न पशु सेवा केन्द्रमा कार्यरत पशु सेवाका प्राविधिक मार्फत रूपमा वितरण गर्नका लागि पशु स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि तयार पारिएको छ।

५. कार्यक्रम संचालन प्रकृया विधि

१. यस शारदा नगरपालिकाको वार्षिक बजेट अन्तर्गत विभिन्न शीर्षकमा पशुपंक्षी तथा मत्स्य उपचारको लागि विनियोजन भएको रकम अनुसार खरिद नियमावली परिधिमा रहि खरिद गरिने छ।

२. पशुपंक्षी तथा मत्स्य रोग उपचारको लागि आवश्यक पर्ने औषधी /सामग्रीहरू यस शाखा तथा मातहतका सेवा केन्द्र बाट निशुल्क वितरण गरिनेछ। साथै यस शाखा तथा मातहतका सेवा केन्द्रमा मौज्दात नभएको

औषधी /सामग्रीहरू पशुधनी आफैले खरिद गर्नु पर्नेछ ।

३. पशुपंक्षी तथा मत्स्य रोगको उपचारको प्रकृति अनुसार देहाय बमोजिम वर्गीकरण गरि मासिक प्रगती प्रतिवेदनमा समावेश गरिनेछ ।

६. पशु रोग उपचारको वर्गिकरण

१) नियमित उपचार सेवा

नियमित उपचार सेवाहरू निम्नानुसार रहेका छन ।

क) मेडिकल उपचार सेवा

शल्य चिकित्सा बिना औषधीको मात्र प्रयोगद्वारा उपचार गर्न सकिने विभिन्न रोगहरू यस सेवा अन्तरगत पर्दछन् । जस्तै ज्वरो , छेरौटी , थुनेलो ,अरूची आदि ।

ख) मेजर सर्जिकल उपचारः

जेनरल एनेस्थेसियाको प्रयोग गरि शरिरका विभिन्न क्याभिटि र अंग प्रत्याङ्गहरू खोल्नुपर्ने विशेष शल्य चिकित्सा पद्वति अपनाइ गरिने अपरेशनहरू यस अन्तरगत पर्दछन् ।

जस्तै ल्याप्रोटोमि,रूमिनोटोमी,इस्टोरिटोमी,हिस्टेरेक्टोमी सिजेरियन सेक्सन आदि ।

ग) माइनर सर्जिकल उपचार

लोकल एनेस्थेटिकको भरमा साधारण शल्य चिकित्सा पद्धती अपनाइ पुर्याउन सकिने सेवाहरू यस अन्तरगत पर्दछन । जस्तै साधारण घाउ खटिराको सरसफाइ,औसा किरा परेको,पशु बन्ध्याकरण, पिलो आदि ।

घ) गाइनोकोलोजिकल उपचार सेवा

स्त्री जातीका पशुहरूको प्रजनन प्रणालीसँग सम्वन्धित रोग तथा समस्याहरूको उपचार गर्न सकिने सेवाहरू यस अन्तरगत पर्दछन । जस्तै:उल्टी रहने,भाले नखोज्ने , भण्डालो फर्किने पायोमेट्रा, आदि ।

२) आकस्मिक उपचार सेवा

शारदा नगरपालिका भित्र रहेका कृषकहरूले पालिरहेका पशुपंक्षी तथा मत्स्यहरूमा महामारी फैलिइ तथा प्राकृतिक प्रकोप भइ औषधी उपचार तथा रोकथाम गर्नुपर्ने अवस्था देखिएमा यस शारदा नगरपालिका बाट सम्भव भएसम्म आवश्यक सवै खाले औषधी /सामाग्री खरिद गरि घरगोठ /गाउँटोल समेतमा सम्वन्धित प्राविधिक उपस्थित भई औषधी उपचार/ रोकथाम सेवा र प्राविधिक सरसल्लाह उपलब्ध गराइनेछ । यस नगरपालिकाको कावु भन्दा बाहिर महामारी फैलिएमा वा प्राकृतिक प्रकोप देखिएमा प्रदेश तथा संघिय सरकारसँग सहयोगको अपिल माग गरि आकस्मित उपचार सेवा प्रदान गरिनेछ ।

परिच्छेद : ३

कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन विधि

७. परिचयः

यस शारदा नगरपालिकामा रहेका पशुपालक कृषकहरूका गाई, भैँसी, बाखाहरूमा नश्ल सुधार गरि उत्पादन वृद्धि गर्ने उदेश्यले कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत पशुहरूमा नल्ल सुधार गर्नु पर्ने अपरिहार्य भएको हुँदा कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन कार्यविधि तयार गरिएको छ।

८. कार्यक्रम संचालन प्रकृया

कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गर्नको लागि देहाय बमोजिमका कृयाकलापहरू संचालन गरिनेछ।

क) स्वीकृत वार्षिक बजेट कार्यक्रम अनुसार आवश्यक तरल नाइट्रोजन सिमेन, ए. आइ. ग्लोव , ए आइ सिथ, ए . आइ. गन, ए. आइ. रेफ्री मदर कन्टेनर लगायत अन्य उपकरण खरिद गरिनेछ।

ख) खरिद भई आएको तरल नाइट्रोजन सिमेन ए आइ सिथ,ए आइ गन, ए आइ रेफ्री मदर कन्टेनर लगायत अन्य उपकरणहरू आवश्यकता बमोजिम ए.आइ. इन्सिमिनेटरहरू (कृत्रिम गर्भाधानकर्ता) लाई निशुल्क रूपमा उपलब्ध गराइनेछ।

ग) ए.आइ. इन्सिमिनेटरहरूले कृत्रिम गर्भाधान सम्वन्धि अनुसुची २ अनुसारको मासिक प्रगती फारम भरी हरेक महिनाको २५ गते भित्र पशु सेवा शाखा मा पेश गर्नु पर्दछ।

घ) कृत्रिम गर्भाधानकर्ताले कृषकको घरगोठमा गई पशुमा कृत्रिम गर्भधान गरे पश्चात अनुसुची १ अनुसारको कृत्रिम गर्भाधान रेर्कड भरि कृषकलाई दिनु पर्नेछ।

ङ) यदि कृषकको घर गोठमा गई कृत्रिम गर्भाधान कार्य सम्पन्न गरेपछि सम्वन्धित पशुपालक कृषकले आफ्नो पशुमा कृत्रिम गर्भाधान गराए वापत कृत्रिम गर्भाधानकर्तालाई रू १००० एक हजार) परिश्रमिक शुल्क दिनु पर्ने छ र कृषकले कृत्रिम गर्भाधान गर्नको पशुलाई पशु सेवा शाखामा ल्याई सम्वन्धित प्राविधिकबाट ए.आई. गराएमा कुनै शुल्क लाग्ने छैन।

च) सम्पूर्ण कृत्रिम गर्भाधान कर्ताबाट मासिक रूपमा आएको मासिक प्रगतिलाई पशु सेवा शाखाले कम्पाइल गरि प्रत्येक महिनाको पहिलो हप्ता भित्र पशु प्रजनन कार्यालय पोखरा र पशु सेवा अस्पताल तथा पशु सेवा कार्यालय सल्यानमा कृत्रिम गर्भाधानको मासिक प्रगती विवरण पठाउनु पर्नेछ।

परिच्छेद ४
नगरपालिकास्तरीय/स्थलगत पशुपन्छी तालिम कार्यक्रम

९. उद्देश्य:

(क) कृषकहरुलाई पशुपन्छी पालनसंग सम्बन्धित नयाँ-नयाँ प्रविधि सिकाई उनीहरुको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।

१०. तालिम सञ्चालन स्थलः

(क) नगरपालिकास्तरीय तालिम नगरपालिकाको कार्यालयमा र स्थलगत तालिम सम्बन्धित स्थान/वडा कार्यालयमा सञ्चालन गरिनेछ ।

११. तालिम अवधिः

(क) नगरपालिकास्तरीय तालिम ३ कार्य दिनको हुनेछ भने स्थलगत तालिम १-२ कार्य दिनको हुनेछ ।

१२. तालिममा प्रशिक्षार्थीको संख्याः

(क) कम्तिमा २० देखि बढीमा ३५ जना प्रशिक्षार्थीहरु सहभागी हुनेछन् ।

१३. सहभागी छनौट विधिः

(क) नगरपालिकास्तरीय तालिम सञ्चालनको लागि नगरपालिकाले प्रत्येक वडा कार्यालयलाई २ जना व्यावसायिक पशुपालन कृषक छनौट गरी पठाईदिनुहुन भनी पत्राचार गर्नेछ ।

(ख) वडा कार्यालयले पत्र पठाईएको ७ दिन भित्र २ जना व्यावसायिक पशुपालन कृषकहरुलाई सिफारिसका साथ शारदा नगरपालिकाको पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

(ग) स्थलगत तालिम कृषकको माग सहित वडा कार्यालयको सिफारिसको आधारमा सञ्चालन गरिने छ ।

१४. तालिम सञ्चालन विधिः

(क) सहभागी प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक र प्रयोगात्मक विधिवाट तालिम सञ्चालन गरिनेछ ।

(ख) गाइ भैसी पालन, बाख्रा पालन, कुकुरा पालन, आहारा सुधार, गोठ ब्यबस्थापन तथा अन्य पशुपन्छीसंग सम्बन्धित विषयहरुमा प्रशिक्षार्थीहरुको आवश्यकता अनुसार तालिम सञ्चालन हुनेछ ।

(ग) दिनमा जम्मा ४ कक्षा सञ्चालन गरिनेछ ।

(घ) दुई वा त्यो भन्दा बढी दिनको तालिम अवधि पूरा भएपछि सहभागीहरुलाई प्रमाण-पत्र प्रदान गरिनेछ ।

(ङ) तालिम सञ्चालन शारदा नगरपालिका पशु सेवा शाखाले गर्नेछ ।

१५. कार्यक्रमको आर्थिक पक्षः

(क) यो कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको कार्यालयले पशु विकास शाखा मार्फत वार्षिक स्वीकृत कार्यक्रममा सालबसाली रुपमा बजेटको व्यवस्था गरिने छ ।

(ख) कृषकहरुलाई आवश्यक तालिमहरु कार्यालयको तर्फबाट १०० प्रतिशत अनुदानमा सञ्चालन गरिनेछ ।

परिच्छेद: ५

पशुपंक्षी खोप कार्यक्रम संचालन

१६. परिचय

यस शारदा नगरपालिक क्षेत्र भित्र रहेका पशुपंक्षीहरूमा देखिने विभिन्न प्रकारका महामारी रोगहरूको रोकथाम गर्नको लागि रोग विरूद्धका खोप कार्यक्रम संचालन गरिनेछ ।

१७. संचालन प्रकृया

पशुपंक्षी खोप कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) यस शारदा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित रकमको परिधि भित्र रहि प्रथामिकताको आधारमा पशुपंक्षीमा लाग्ने महामारी रोग विरूद्धको खोप कार्यक्रम संचालनको लागि आवश्यक खोप औषधि /सामाग्री तथा अन्य सम्पूर्ण खर्चहरूको स्टिमेट गरिनेछ ।

(ख) खोप कार्यक्रम संचालनको लागि स्टिमेट अनुसार खोप औषधि तथा अन्य सामग्रीहरू खरिद गरिनेछ ।

(ग) खोप कार्यक्रम संचालन गर्नको लागि आवश्यक प्राविधिक जनशक्ति (भ्याक्सिनेटर) नियुक्तिको लागि कम्तिमा

(घ) दिने सूचना प्रकाशन गरिनेछ ।

(ङ) भ्याक्सिनेटर नियुक्तिका लागि परेका आवेदकहरू मध्ये आवश्यकता अनुसार छनौट गरिनेछ ।

(च) खोप कार्यक्रम संचालनको लागि छनोट भएका प्राविधिकहरूलाई पशु सेवा शाखाबाट भ्याक्सिनेशन सम्वन्धि आवश्यक प्राविधिक जानकारी गराई आवश्यकता अनुसार खोप तथा अन्य सामाग्रीहरू उपलब्ध गराइनेछ ।

(छ) खोप कार्यक्रम संचालन गर्दा यस शारदा नगरपालिका भित्र रहेका पशुपंक्षी पालक प्रत्येक कृषकहरूको गोठ/

(ज) टोलमा गई खोप लगाइनेछ। खोप लगाउदा भ्याक्सिनेटरले अनुसुची ८ (क,ख,ग,घ वा आवश्यकता अनुसार फर्मेट थपघट गर्न सकिनेछ) अनुसारको फर्मेट भरि पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।

(झ) संचालन भइरहेको खोप कार्यक्रमको अनुगमन पशु सेवा शाखा मार्फत गरिनेछ ।

(ञ) नियुक्ति भई खोप कार्यक्रममा सहभागी भएका भ्याक्सिनेटरहरूको पारिश्रमिक तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ ।

(ट) नियुक्ति भई खोप कार्यक्रममा सहभागी भएका भ्याक्सिनेटर र अनुगमन कर्तालाई नियम अनुसार पाउने दैनिक भ्रमण भत्ताको सुविधा प्रदान गरिनेछ ।

परिच्छेद: ६

सहकार्यमा उन्नत नश्लका बोका/थुमा,राँगा/साँढे वितरण कार्यक्रम संचालन कार्यविधि

१८. कार्यक्रम संचालन प्रक्रिया:-

(क) पशुपालक फार्म तथा कृषक समूह वा समिति वा सहकारी वा निजी फार्महरूलाई लक्षित गरी वार्षिक बजेट र कार्यक्रम बमोजिम ५० देखि ८० प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले पशुपालक फार्म तथा कृषक समूह वा समिति वा सहाकारी वा निजी फार्महरूलाई लक्षित गरि अनुसूची ३ को ढाँचामा ३० दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गरिनेछ ।

(ग) ईच्छुक प्रस्तावकहरूले अनुसूची ५ अनुसारका कागजातहरू संलग्न गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्ययोजना बनाइ अनुसूची ४ बमोजिमको निवेदन शाखामा पेश गर्नु पर्ने छ ।

(घ) निर्धारित समय भित्र प्राप्त भएका आवेदनहरूको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरूको स्थलगत अनुगमन गरी अनुसूची ६ बमोजिम मुल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासंग शाखाले अनुसूची ७ बमोजिम सम्झौता गर्नेछ

(च) साझेदार संस्थाले सम्झौता बमोजिम नश्ल प्रमाणित भएको उन्नत नश्लको बोका/थुमा ,राँगा /साँढे खरिद गर्नु पर्दछ।

(छ) कार्यक्रम प्राप्त सफल कृषक वा कृषक समूह वा समिति वा सहकारी वा निजी फार्मले खरिद गरेको बोका कम्तिमा २ बर्षसम्म राम्रोसँग हेरचाह गरी पाल्नुपर्छ । तत्पश्चात विक्रि गरी अर्को खरिद गर्नु परेमा पशु सेवा शाखाको पुर्व स्वीकृत अनिवार्य लिनुपर्नेछ ।

अनुसूची: १

कृतिम गर्भाधान रेकर्ड कार्ड

(पहिलो पेज)

कृत्रिम गर्भाधान केन्द्रको नाम:-

पशुधनिको नाम:-

ठेगानाः-

मोवाइल नं.

(दोस्रो पेज)

गाइ /भैँसी /बाखाको विवरण

गाई /भैँसी /बाखाको नाम नं

गाई /भैँसी /बाखाको वेत संख्या:-

पछिल्लो व्याएको मितिः-

गाई/ भैंसी /बाखाको प्रतिशतः-

गाई /भैँसी /बाखाको रंग:- जातः-

कृ.ग. गरेको मितिः- उल्टन सक्ने मितिः-

राँगो/साँढे/बोका नं कृःग. गर्नेको सही

(तेस्रो पेज)

गर्भ परिक्षण तालिका

गर्भ परिक्षण गरेको मिति	गर्भ		गर्भ परिक्षण गर्ने कर्मचारी	व्याउने मिति अनुमानित मिति	ब्याएको	लिङ्ग	दुध उत्पादन		कै.
	रहेको	नरहेको					बिहान	बेलुका	

(चौथो पेज)

पशुपालक कृषकहरूले ध्यान दिनुपर्ने कुराहरू
गाई भैँसी बाखाले साँढे राँगो बोका खोजेको वेला देखाउने लक्षणहरू:-

- उत्तेजित हुनु।
- अरू पशु माथी चढ्नु र चढ्न दिनु।
- छिनछिनमा पिसाव फेर्नु।
- दाना कम खानु।
- सेफ फाल्नु।
- कराउनु /उफ्रनु ,पुच्छर हल्लाइरहनु / माथि उदाउनु आदि।

नोटः- गाइ/ भैँसी/बाख्रा माथिका लक्षणहरू देखा परेमा कार्यालय समय भित्र पशु सेवा शाखा/ सम्वन्धित कृ.ग. कर्तासँग सम्पर्क राखी कृत्रिम गर्भाधान गराउनुहोस्।

- कृपया कृत्रिम गर्भाधान गरेको गाई /भैँसीले विचमा साँढे/ राँगो नखोजेमा ३ महिना पछि गर्भ परिक्षण गराउन सकिनेछ।
- यदि गाइ /भैँसी कृत्रिम गर्भाधान गरेको १८देखि २४ दिन भित्रमा साँढे राँगो लक्षण देखिएमा पशु सेवा शाखा सम्वन्धित कृ.ग.कर्तासँग सम्पर्क राख्नु पर्दछ।

अनुसुची: २

कृत्रिम गर्भाधान मासिक प्रगती विवरण

(कृत्रिम गर्भाधानकर्ताले भर्ने)

२० ....साल ......महिनाको मासिक प्रगती

सी. नं	पशुधनिको नामथर	ठेगाना	पशुको किसिम	जात	नाम/नं	वेत	पछिल्लो व्याएको मिति	दुध उत्पादन	सिमेन नं	गर्भ परिक्षण	कैफियत

जम्मा गाई/भैसी संख्या:- जम्मा भैँसी संख्या:- कुल पशु संख्या:- कृ.ग. कर्ताको

नाम..............................

दस्तखत..........................

अनुसूची : ३

प्रस्ताव आव्हानको सूचना

सूचना सूचना सूचना

प्रथम पटक प्रकाशित मिति: २०....../..../....

आ. व. ....को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रम संचालन गरिने भएकोले गर्न इच्छुक कृषक, कृषक समूह/समिति “निजी फार्महरूले यो सूचना प्रकाशन भएको ३० दिन सम्म कार्यालय समय भित्र तपशिल बमोजिमका कागजातहरू समावेश गरि निवेदन दर्ता गर्न हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नागी प्राप्त हुन आएका निवेदनहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

क्र.स.	कार्यक्रम	संख्या	कैफियत
१.			
२.			
३.			

कार्यक्रममा समावेश हुनका लागि आवश्यक पर्ने कागजातहरू

तपशिल

- अनुसुची ३१ अनुसारको संक्षिप्त कार्ययोजना
- अनुसुची ३२अनुसारको निवेदन पत्र
- कृषक समूह समिति ८ निजी फार्म को दर्ता प्रमाण पत्र , कर चुक्तको प्रमाण पत्र को प्रतिलिपी
- स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- कृषक समूह / समितिको हकमा कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी
- अन्य आवश्यक कागजातहरू (गाउँपालिकाको आवश्यकता अनुसार)
- निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा यस पालिकाबाट वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- अन्य थप जानकारीका लागि सम्पर्क नं .... मा सम्पर्क गर्न अनुरोध छ।

अनुसुची: ४

(संक्षिप्त कार्ययोजनाको ढाँचा)

१ व्यवसायको परिचय

२ कार्यक्रम सुरू हुने मिति

३ कार्यक्रम सम्पन्न हुने मिति

४ लक्षित वर्ग र संभावित रोजगारीको विवरण

५. व्यवसाय अधारभुत बिवरण

क.स.	संचालित व्यावसायबाट उत्पादन हुने	संचालित व्यावसायबाट उत्पादन हुने मुख्य मुख्य वस्तु	उत्पादन हुने वार्षिक परिमाण	वार्षिक कारोवारो रकम	व्यावसायबाट सिर्जित रोजगार

६. सञ्चालन गरिने त्रियाकलापको विवरण

क.स	क्रियाकलाप	ईकाइ	परिमाण

अनुसुची: ५

प्रस्ताव आव्हानको लागि निवेदन पत्र

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु

शारदा नगरपालिक नगरकार्यपालिकाको कार्यालय

खलंगा, सल्यान

बिषयः-........... कार्यक्रम उपलब्ध गराइदिने बारे।

महोदय,

यस शारदा नगरपालिकाको मिति २० .../... /... गतेको प्रकाशित सुचाना अनुसार यस समूह ‘‘समितिले फार्म स्थापना साझेदारी कार्यक्रम (..) संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन पेश गरेका छौ। कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यत्त गर्दछौ।

संलग्न कागजातहरू

१ कृषक समूह ८ समिति /निजी संस्थाको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ,

२ कृषक / समूह ‘‘निजी संस्थाले कार्यक्रम संञ्चालन गर्ने निर्णयको प्रतिलिपी,

३ कृषक/ समूह /निजी संस्थाका सदस्यको नामावली,

४ निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

५ स्थायी लेखा नं को प्रमाण पत्रको प्रतिलिपि ‘‘करचुक्ता प्रमाण पत्र।

६ कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतामा

७ अनुसूची २६ बमोजिमको स्वःघोषणा पत्र

८. प्रस्तावना पत्र .

९ स्वा-लगानी गर्ने प्रतिवद्धता पत्र।

१० सम्बन्धित वडा कार्यालयको सिफारिस अन्य कागजातहरू खत्याड गाउँपालिका पशु सेवा शाखालाई आवश्यक परे अनुसार समावेश गर्नु पर्ने।

अनुसुची: ६

शारदा नगरपालिका
पशु सेवा शाखा
खलंगा, सल्यान

प्रस्ताव आह्वानका लागि छनौटका आधारहरू/ मुल्यांकन गर्ने आधारहरू)

१ स्थानको उपयुक्तता (सामाजिक , भौगोलिक एंव वातावरणीय दृष्टिकोणले सम्भाव्यता) .... अंक
२ पुर्वाधार विकास एंव विकासका सम्भावनाहरू .... अंक
३ हाल संचालित कार्यक्रम एंव कृयाकलापहरूको अवश्था एंव अवसरहरू

- आवेदक कृषक वा समूह /संस्थाका सदस्यले सम्वन्धित क्षेत्रमा आवर्दता भएम .... अंक
- बजार तथा बजारिकरणको सहजता .... अंक

४ कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एंव अनुभव भएमा

- विगत १ वर्ष देखि सम्वन्धित व्यवसाय (दर्तावाल) गरिरहेको भए .... अंक
- १ वर्षभन्दा कम भए .... अंक

५ पेश गरेको संक्षीप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य विवरण भए .... अंक
६ जैविक सुरक्षा तथा वातावरणीय अवश्था .... अंक
७ कृषक / समूह/ समिति ८ निजी फार्म मा रहेका एकल महिला, दलित , जनजाती तथा सिमान्तकृत कृषकहरू, विदेशबाट फर्किएका युवाहरू , कोभिड प्रभावित भए .... अंक

अनुसुची: ७

पशु सेवा शाखा

खलंगा, सल्यान

.... लागि द्धिपक्षिय सम्झौता पत्र (नमुना)

शारदा नगरपालिकाको आ.ब..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार .... फार्म स्थापना साझेदारी कार्यक्रम सञ्चलन गर्न श्री शारदा नगरपालिका कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .... (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरू परिपालना गर्ने गरी दिपक्षीय सम्झौता गरी दियौं लियौं ।

- प्रथम पक्षले .... कार्यक्रमको लागि विनियोजित रकम रू .... दोस्रो पक्षलाई बढिमा २ किस्तामा उपलब्ध गराउनेछ ।
- दोस्रो पक्षले .... जिल्ला ....नगरपालिक ....नं वडाको .... स्थानमा यसै आ.ब. अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।
- दोस्रो पक्षले प्रथम समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरू प्राविधिक मापदण्ड /नर्मसको अधिनमा रहि सम्पन्न गर्नेछ ।
- कार्यक्रम संचालनका लागि आवश्यक निर्माण समन्धी डिजाईन, स्टिमेट , सुपरभिजन, बिल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदजन लगायतका कार्यहरू तथा खरिद ढुवानी ,सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।
- दोस्रो पक्षले नियमानुसारको विल भर्पाई,कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पच्श्रात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव दहरे दोस्रो पक्षको वैंक खातामा बढिमा दुई किस्तामा भुक्तानी दिनेछु ।
- मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव टहरे दुई बराबर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत सम्झौता बमोजिमको रकम भुक्तानी बैंक खाता मार्फत गर्नेछु । कार्यक्रम समन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजीकरण प्रथम पक्षले दिनु पर्ने छ ।
- प्रथम पक्षले कुनै पनि वखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए / नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।
- कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पच्श्रातको सञ्चालन ,मर्मत सम्भार, व्यवस्थापन , जोखिम

र दिगोपनाका लागि गरिने कार्यहरू तथा अप्रत्यासित रूपमा श्रजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

- दोस्रो पक्षले त्रैमासिक रूपमा कार्यक्रमको प्रगति , उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरू स्थानीय तहको पशु सेवा शाखामा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।
- कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

दोस्रो पक्षको तर्फबाट	प्रथम पक्षको तर्फबाट
नाम:	नाम:
पद	पद
संस्थाको नाम:	संस्थाको नाम:
सस्थाको छाप:	सस्थाको छाप:

रोहबर

हस्ताक्षर	हस्ताक्षर
नाम	नाम
पद	पद

अनुसूची ८ (क)

शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

खलंगा, सल्यान

कर्णाली प्रदेश, नेपाल

आ.व. .... भेडा/बाख्रामा......................भ्याक्सिन विवरण भ्याक्सिन लगाएको मिति:.....

क्रम. सं	कृषक को नाम थर	ठेगाना		भेडा/बाख्रा को संख्या				भ्याक्सिनेसन गरिएको संख्या			कैफियत
		न. पा	वडा नं	पाठापाठी	पठेग्र/पठेग्री	वयस्क	जम्मा	पठेग्र/पठेग्री	वयस्क	जम्मा	

टोली प्रमुखको नाम: दस्तखत: भ्याक्सिनेटरको नाम: दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठिक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

अनुसूची ८ (ख)

शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

खलंगा, सल्यान

कर्णाली प्रदेश, नेपाल

आ.व. .... कुकुरमा......................भ्याक्सिन विवरण भ्याक्सिन लगाएको मिति:.....

क्रम सं	कृषक को नाम थर	न पा	वाड नं	पशुको किसिम	मिति	उमेर	रंग	लिङ्ग	कै.
जम्मा									

टोली प्रमुखको नाम: दस्तखत: भ्याक्सिनेटरको नाम: दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठिक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

अनुसूची ८ (ग)

शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालाय

पशु सेवा शाखा

खलंगा, सल्यान

कर्णाली प्रदेश, नेपाल

आ.व. .... गाई/ भैसीमा......................भ्याक्सिन विवरण भ्याक्सिन लगाएको मिति:.....

क्रम. सं	कृषक को नाम थर	ठेगाना		गाई/ भैसी को संख्या				भ्याक्सिनेसन गरिएको संख्या			कैफियत
		न. पा	वडा नं	पाडापाडी/ बाच्छा बाच्छी		वयस्क	जम्मा	कोरेली	वयस्क	जम्मा	

टोली प्रमुखको नाम: दस्तखत: भ्याक्सिनेटरको नाम: दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठिक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत